म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २३३ बुधबार २१ चैत २०८० ने. सं. ११४४ चिल्लागा 3 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विश्व अटिजम सचेतना दिवसमा दीपप्रज्वलन




हेटौंडा, २० चैत/विश्व अटिजम सचेतना दिवसको अवसरमा हेटौंडामा दीपप्रज्वलन भएको छ । सेन्टर फर अटिजम मकवानपुर को आयोजनामा हेटौंडामा दीपप्रज्वलन गरिएको हो । अटिजमको विषयमा सचेतना जगाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको सेन्टर फर अटिजम मकवानपुरका शेखर थपलियाले बताए । कार्यक्रममा हेटौंडा-४ का वडाध्यक्ष्य नवीन सिग्देल, हेटौंडा अस्पतालका बालरोग बिज्ञ डाक्टर हरि खड्का सहितको उपस्थिति रहेको थियो ।

# बागमती सरकारले पायो पूर्णता, एकैदिनमा पाँच मन्त्रीको सपथ

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ बागमतीमा मंगलबार एकैदिन पाँचजना मन्त्री नियुक्तिसँगै सपथ गराइएपछि सरकारले पूर्णता पाएको छ । प्रदेशप्रमुख यादवचन्द्र शर्माले मंगलबार बिहान र साँझमा गरेर पाँचजना मन्त्रीलाई पद तथा गोपनीयताको सपथ गराएका हुन् ।

नेकपा एमालेबाट थप चार मन्त्रीको साँझ ६ बजे सपथ गराएसँगै बागमती सरकारले पूर्णता पाएको हो । प्रदेश प्रमुख शर्माले एमालेबाट मन्त्री बनेका काठमाडौंका केशव पोखेल, ललितपुरका रामेश्वर श्रेष्ठ, मकवानपुरका एकालाल श्रेष्ठ र काठमाडौंकै प्रकाश श्रेष्ठलाई संयुक्त रुपमा सपथ गराएका हुन् । उनीहरुलाई मंगलबार नै मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्री पदमा नियुक्त गरेका थिए ।



मुख्यमन्त्री जम्कट्टेलले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयमा प्रकाश श्रेष्ठ, वन तथा वातावरण मन्त्रालयमा केशव पोखेल, खानेपानी उर्जा तथा सिचाई मन्त्रालयमा एकालाल श्रेष्ठ र स्वास्थ्य मन्त्रालयमा रामेश्वर श्रेष्ठलाई जिम्मेवारी दिए । चारैजना मन्त्रीहरुले मंगलबार नै पदभार ग्रहण गरिसकेका छन् । गत २५ पुसमा गठित सरकारमा मन्त्री बनेकामध्ये प्रकाश मात्रै नयाँ अनुहार हुन् ।

रामेश्वर यसअघि पनि स्वास्थ्य मन्त्रालयमा थिए । पोखेल कृषि तथा पशुपन्छी विकास मन्त्री र एकालाल श्रम, रोजगार तथा यातायात मन्त्री थिए । एमाले दुई महिना सरकारमा बसेर १० चैत ०७९ मा बाहिरिएको थियो । एक वर्षपछि १७ चैतमा एमाले बागमती सरकारमा सहभागी भएको हो । आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाको नेतृत्वमा एमाले सरकारमा गएको हो । थपलिया पनि यसअघि आर्थिक मामिलामन्त्री थिए ।

मंगलबार थपिएका चार जना मन्त्रीमध्ये केशव र प्रकाश दोस्रो पटक प्रदेशसभा सदस्य भएका थिए भने रामेश्वर र एकालाल पहिलो पटक हुन् । नेपाली कांग्रेसले छोडेको ६ वटा मन्त्रालयमा एमालेले ५ वटा मन्त्रालय लिएको हो । संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयमा हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्य १५ चैतमा नियुक्त भएपछि बाँकी मन्त्रालयमा एमालेले दाबी गरेको थियो ।

नेकपा (एकीकृत समाजवादी) बाट मंगलबार बिहान रमा आले मगरले विनाविभागीयमन्त्रीको सपथ लिएकी छन् । एकीकृत समाजवादीले एमालेले लिन खोजेको चार मन्त्रालयमध्ये एउटा दिनुपर्ने माग गरेको थियो । भागबण्डामा विवाद उत्पन्न भएपछि मुख्यमन्त्री कार्यालयमा दिउँसो मुख्यमन्त्री जम्कट्टेल, एमालेका थपलिया, एकीकृत समाजवादीका नेता केशव शर्मा खनालबीचको बैठकमा सहमति जुटेपछि चार मन्त्रीको शपथ भएको हो ।

### सरकारलाई पूर्णता

मुख्यमन्त्री तथा मन्त्रिपरिदषद् कार्यालयसहित १२ वटा मन्त्रालय रहेको बागमतीमा मुख्यमन्त्रीसहित १३ जना मन्त्री नियुक्त भएका छन् ।

११ वटा मात्रै मन्त्रालय कायम गर्ने गठबन्धनको सहमतिकाबीच मुख्यमन्त्री जम्कट्टेलले एकीकृत समाजवादीबाट मगरलाई विना विभागीय मन्त्री बनाएपछि एमाले असन्तुष्ट बनेको थियो । 'उहाँले विनाविभागीय मन्त्री बनाउनुभयो । ११ वटा मन्त्रालय कायम गर्ने कुरा भइरहेकोमा झन थपिनु ठिक थिएन । तर, पनि सहमतिअनुसार कुरा अगाडि बढेको छ,' एमालेका एक सांसदले भने, 'एमालेले पाउनुपर्ने थप ४ वटा मन्त्रालय छोड्ने कुरा थिएन,' ७ सिटको एकीकृत समाजवादीलाई ३ वटा मन्त्रालयसहित एउटा समिति सभापति पनि दिने कुरा न्यायसंगत होइन भनेर सांसद संख्याका आधारमा सुत्र बनाउने कुरा गरेपछि मुख्यमन्त्रीको जिम्मामा सहमति जुटाइएको ती सांसदले बताए ।

बागमतीमा माओवादीले मुख्यमन्त्रीसहित भौतिक पूर्वाधार विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सामाजिक विकास मन्त्रालय लिइराखेको छ । एकीकृत समाजवादीले श्रम, रोजगार तथा यातायात मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रासहित एक विनाविभागीय मन्त्री लिएको छ । हाम्रो नेपाली पार्टीले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय पाइसकेको छ ।

# चौघडामा सामुदायिक भवन निर्माणको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ हेटौंडा-६ चौघडास्थित वंशगोपाल मावि (प्राविधिक विद्यालय)को प्रांगणमा ब्याडमिन्टन हल सामुदायिक भवन निर्माण कार्यको शिलान्यास गरिएको छ ।



नवजीवनज्योति क्लब चौघडाको पहलमा हेटौंडा उपमहानगरपालिकाबाट विनियोजित १५ लाख रुपैयाँ बजेट रकमबाट यो भवन निर्माण सुरुवात गरिएको हो । भवनको मंगलबार हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँले भूमि पूजा गर्दै शिलान्यास गरे । भवनको शिलान्यास गर्दै उपप्रमुख बानियाँले खेलक्षेत्रको लागि निर्माणाधीन ब्याडमिन्टन हलले सहयोग पुग्ने बताए । स्वास्थ्यका लागि खेलकुद निकै महत्वपूर्ण रहेको बताउदै ब्याडमिन्टन हल निर्माणपछि यस क्षेत्रका खेलप्रेमी खेलाडीले सेवा पाउनेमा विश्वास लिएको बताए ।

ब्याडमिन्टन हल सामुदायिक भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष श्रीराम पुडासैनीको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा उनले वेस निर्माणका लागि हेटौंडा उपमहानगरबाट विनियोजित बजेटबाट काम सुरु गरिएको बताए । ब्याडमिन्टन हल सामुदायिक भवन निर्माणका लागि ७० लाख रुपैयाँ बजेट लाग्ने बताउदै उनले थप रकमका लागि प्रदेश सरकार, हेटौंडा उपमहानगरपालिका, वडा कार्यालय सबैलाई पहल गरिने बताए । सबैको सहयोग पुगेमा दुई वर्ष भित्रमा ब्याडमिन्टन हल बनाउने लक्ष्य आफूहरुले लिएको उनले बताए । भवन बनाउन दायित्वबोध गर्दै बजेटका लागि सहयोग गर्ने नवजीवनज्योति क्लबका अध्यक्ष राजकुमार बास्तोलालाई उनले धन्यवाद दिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका वडा नं ६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, वडासदस्य लेखराज ढकाल, निवर्तमान वडाअध्यक्ष अर्जुनप्रसाद चौलागाईं, नवजीवनज्योति क्लबका अध्यक्ष बास्तोला, वंशगोपाल माविका प्राचार्य रमेशप्रसाद लामिछाने, विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष श्यामप्रसाद श्रेष्ठ, टोलविकास ६ नम्बर समन्य समिति सचिव राजकुमार फुँयाल, नवजीवनज्योति क्लबका कार्यसमितिका पदाधिकारी र खेलप्रेमी युवालगायतको सहभागिता रहेको थियो ।

## महासंघको साधारणसभा रोक्न युनियनको माग

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको साधारणसभा रोक्न प्रेस युनियन मकवानपुरले माग गरेको छ । युनियनले श्रमजीवी पत्रकारको साझा संस्था महासंघले सुरु गरेको सदस्यता शुद्धीकरण अभियान तथा नयाँ सदस्यताको विषय नुटंगिएसम्म साधारणसभा नगर्न अनुरोध गरेको हो ।

महासंघ मकवानपुरले चैत २५ गतेका लागि साधारणसभा तोकेको थियो । युनियन जिल्ला अध्यक्ष सुवाश विडारीले मंगलबार महासंघ जिल्ला अध्यक्ष मणिराज गौतमलाई ज्ञापनपत्र बुझाउँदै महासंघले सदस्यता टुंगो नलगाइ जिल्ला, प्रदेश र केन्द्रीय अधिवेशन घोषणा गरेकोमा आपत्ति जनाएका छन् । युनियन केन्द्रीय समितिको हालै सुनसरीमा सम्पन्न बैठकले महासंघको साधारणसभाको विषयमा असहमति जनाउँदै सदस्यता र मतदाता नामावलीको टुंगो लगाएर मात्र महासंघका जिल्ला, प्रदेश र केन्द्रको अधिवेशन गर्न आग्रह गर्ने निर्णय गरेको थियो ।

'सदस्यता टुंगो नलगाई अधिवेशन गरेमा उत्पन्न परिस्थितिको जवाफदेही नेपाल पत्रकार महासंघ मकवानपुर नै हुने हाम्रो ठहर छ ।', युनियनले बुझाएको विज्ञप्तिमा भनिएको छ । 'महासंघले सुरु गरेको सदस्यता शुद्धीकरण अभियानमा युनियन मकवानपुरको पूर्णसाथ सहयोग छ । तर, मकवानपुरमा क्रियाशील सञ्चारकर्मीलाई नै सदस्यताबाट बञ्चित हुनेगरी सिफारिस गरी पठाएकोमा युनियनले आपत्ति रहेको जनाएको छ ।

## जनकल्याण सहकारीमा नसर्ने रोगको स्वास्थ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/हेटौंडा उपमहानगरपालिका-६ चौघडामा नसर्ने रोगको स्वास्थ्य परीक्षणको आयोजना गरिएको छ । स्वास्थ्य कार्यालय मकवानपुरको समन्वय तथा हेटौंडा-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा नसर्ने रोगको स्वास्थ्य परीक्षण गरिएको हो ।

ब्लडप्रेसर, सुगर, मृगौंलालगायत अन्य नसर्ने रोगको परीक्षण गरिएको कार्यक्रम संयोजक रेखा मैनालीले जानकारी दिइन् । स्वास्थ्य परीक्षणमा १५० जनाले आफ्नो स्वास्थ्य परीक्षण गराएको संस्थाका व्यवस्थापक दीपेन्द्र गौतमले बताएका छन् ।

कार्यक्रममा चुरोट, रक्सी नखाने, नियमित व्यायम गर्ने, स्वास्थ्य तथा पोषणयुक्त खानेकुरा खाने लगायतका विषयमा प्रतिवद्धता जनाउँदै हस्ताक्षर समेत गरेका थिए । कार्यक्रममा संस्थाका उपाध्यक्ष श्यामप्रसाद भट्टराई, सचिव रोमबहादुर न्यौपाने, कोषाध्यक्ष चेतनाथ खतिवडा, सल्लाहकार प्रल्हाद शर्मा आचार्य, सदस्यहरु रेखा गिरी र यतीराज दंगाललगायतको उपस्थिति रहेको थियो ।

**हेटौंडा उपमहानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**आर्थिक विकास महाशाखा (कृषि विकास शाखा)**
**हेटौंडा, मकवानपुर**

**साना सिंचाई कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना**

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०।१२।२१ गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आन्तरिक श्रोत तर्फको स्वीकृत रकम रु.३४,००,०००।०० (अक्षरुपी चौतिस लाख मात्र) पाना नं. ११९ सि.नं. ८५ साना सिंचाई कार्यक्रम (डिप बोरिङ तथा पाइपलाइन विस्तार हेटौंडा-११, १३ ठुलोथली र वडा नं. १४ बँदेलधाप) कार्यक्रम साझेदारीमा सञ्चालन गर्न उपमहानगर पालिका वडा नं. ११, १३ र १४ क्षेत्र भित्रका ईच्छुक कृषक समूहहरु, कृषि सहकारी तथा जल उपभोक्ता समितिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति: २०८१।०१।०४ गते) सम्ममा कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**आवश्यक कागजातहरु:**

१. निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२. संस्थाको हकमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी (नवीकरण सहित) र उपभोक्ता समिति सदस्यहरु/कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।
४. कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपि ।
५. प्रस्ताव अनुसारको लागत अनुमान ।
६. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।
७. सम्भाब्यता अध्ययन प्रतिवेदन ।

(**नोट:** विगत ३ वर्ष देखि कुनै पनि संघ, प्रदेश तथा स्थानीय सरकारबाट सम्बन्धित शीर्षकमा अनुदान नलिएको हुनुपर्नेछ। निवेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।)

**हेटौंडा उपमहानगरपालिका,**
**नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**
**सम्पर्क मो. ९८६१२३६२०६, ९८४५०१६४११, ९८४५६२२४४४**

Education is the real treasure

**We are hiring...**

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity. We are looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. **Secondary & Basic Level Faculty :** *Social Studies, Mathematics, Computer Science, English, Science, Nepali, 'Health, Physical & Creative Arts', English Phonics, Nepali Phonics*
2. **School Counsellor**
3. **Officers:** *Event Management, IT Administration, Human Resource*
4. **ECA Instructor :** *Art & Craft, Music, Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing*
5. **Assistants :** *IT Administration, Computer Operator, Front Desk*
6. **Hostel Staffs :** *Cook, Helpers, Gardener* (**भान्से, सहयोगी र माली**)

For further details, please visit **www.hetaudaacademy.edu.np/vacancy**

Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 6. Preference will be given to well trained and experienced candidates in related areas.

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at ***hr@hetaudaacademy.edu.np*** with 2 references and expected salary not later than **9 April 2024**.

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

**HETAUDA ACADEMY**
**Residential Secondary School**
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# खुम्चिँदै विश्वास

नयाँ सत्तासमीकरणअनुसार बनेको सरकारमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत पाएका छन् । सोमबार बागमती प्रदेशसभाबाट जम्कट्टेलले ५६ जना सांसदको मतसहित विश्वासको मत पाएका थिए । तेस्रोपटकसम्म आइपुग्दा मुख्यमन्त्री जम्कट्टेलले पाएको विश्वासको मत निरन्तर खुम्चिँदो छ । उनलाई माओवादी केन्द्रका २१, नेकपा एमालेका २७, नेकपा एकीकृत समाजवादीका ७ र हाम्रो नेपाली पार्टीका १ जना सांसदले विश्वासको मत दिएका हुन् । सरकारको नेतृत्व गरेको करिब डेढ वर्षमा तेस्रोपटक विश्वासको मत लिँदा जम्कट्टेलले कसिलो बहुमत सांसदको अर्थात ५६ जनाको मात्रै मत पाएका छन् । सरकार बनाउने र लडाउने खेल पनि तर्कपूर्ण, स्वच्छ हुन सकेन । विश्वासको मत पाएपछि पत्रकारहरुलाई प्रतिक्रिया दिँदै मुख्यमन्त्री जम्कट्टेलले बागमती प्रदेशको संकट तत्कालका लागि टरेको बताए । ५६ जना सांसदको मत पाएपनि सरकारका लागि बहुमत प्राप्त हुनु महत्वपूर्ण भएको बताए । मतको संख्या घट्यो भनेर नराम्रो मान्नु परेन । केन्द्रीय सत्तासमीरकणअनुसार प्रदेशमा गठबन्धन बन्ने हो । सरकार सुरक्षित हुन ५६ मत नै पर्याप्त भएको धारणा उनले ब्यक्त गरे ।

विद्यालयमा विद्यार्थीले जस्ट पास भएजस्तै बिश्वासको मत पनि निकै चुनौतीपूर्ण देखियो । विश्वासको मत माग्दा प्रदेशसभा बैठकमा बोल्दै उनले प्रदेशको समृद्धिका लागि विश्वासको मत दिन आवश्यक रहेको दाबी गरेका थिए । आफ्नो कार्यकालको १५ महिनाको अवधिमा धेरै राम्रा काम गरेको उनको दाबी थियो । जम्कट्टेलले नीतिगत कामहरु गर्न धेरै कोशिस गरिरहेको बताएका थिए । सबै दलका नेतालाई एकढिक्का भएर अगाडि बढ्न उनको आग्रह थियो । यो आग्रहले कति काम गर्छ त ? एउटै दलमा एक ढिक्का हुन सकेका छैनन् । संसारभरका मजदुर एक हौं भन्ने नारा लगाउने तर, एउटा उद्योगका १० जना मजदुर १० वटा दलमा आबद्ध भएर १० तिर फर्कने परम्परा हाम्रो समाजमा छ । प्रदेश सरकारलाई स्थायित्व दिने र प्रदेशबासीको चाहना र अपेक्षाअनुसार काम गर्ने कुरामा एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिने कुरा भाषणमा मात्र सीमित छ । बागमतीमा सरकार बनाउन ५६ जना बहुमत सांसदको समर्थन आवश्यक थियो । यसअघि उनले दुईपटक विश्वासको मत लिइसकेका छन् । जम्कट्टेलले पहिलोपटक ३ माघ २०७९ मा विश्वासको मत लिएका थिए । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सातमध्ये ६ दलले उनलाई विश्वासको मत दिएको थियो । ११० सदस्यीय प्रदेशसभामा उनलाई पहिलो पटकमा १०५ सांसदले विश्वासको मतको पक्षमा र नेमकिपाको ३ जना सांसदले विपक्षमा मत दिएका थिए । एकजना सांसद अनुपस्थित थिए । मुख्यमन्त्री नियुक्त भएको नवौं दिनमा विश्वासको मत लिएका जम्कट्टेललाई प्रदेशसभाको ठूलो दल नेपाली कांग्रेसले सरकार बाहिर हुँदा पनि विश्वासको मत दिएको थियो । २५ पुस ०७९ मा जम्कट्टेल नेकपा एमाले र राप्रपाको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए । यसैगरी, गठबन्धन फेरबदल भएर सरकार परिवर्तन हुँदा दोस्रोपटक १० चैत २०७९ मा जम्कट्टेलले विश्वासको मत लिए । दोस्रोपटकमा उनले ६७ मत पाएका थिए ।

विपक्षमा नेकपा एमाले, राप्रपा र नेपाल मजदुर किसान पार्टीका सांसदले मत दिएका थिए । तेस्रोपटकसम्म आइपुग्दा मुख्यमन्त्री जम्कट्टेलले पाएको विश्वासको मत निरन्तर खुम्चिँदो छ । पहिलोपटक पाएको १०५ जनाको विश्वासको मत प्रदेशको अघिल्लो कार्यकालका मुख्यमन्त्रीहरुले पाएको भन्दा असाधारण थियो । बागमती प्रदेशको पहिलो कार्यकालमा मुख्यमन्त्री भएका डोरमणि पौडेल, अष्टलक्ष्मी शाक्य र राजेन्द्रप्रसाद पाण्डेले तीन अंकमा विश्वासको मत पाउन सकेका थिएनन् । पछिल्लोपटक बिश्वासको मतका बिषयमा सामाजिक संजालमा नागरिकले मुख्यमन्त्री जम्कट्टेलले पाएको बिश्वासको मतलाई उत्तीर्ण मात्रै भएको संज्ञा दिइरहेका छन् । बागमतीको विपक्षी दल नेपाली कांग्रेसको ३७, राप्रपाको १२ (सभामुख बाहेक) र नेमकिपाको ३ जना सांसद छन् । बागमतीमा जम्कट्टेललाई तेस्रोपटक नै विश्वासको मत दिने एकमात्र दल हाम्रो नेपाली पार्टी रहेको छ । नेमकिपाले प्रदेशको साढे ६ वर्षमा एकपटक पनि विश्वासको मत नदिई निरन्तर प्रतिपक्षको बेञ्चमा बसेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०७६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २२ गते बिहीबार ४ अप्रिल २०२४ । दशमी, चैत कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:५३, सूर्यास्त ६:२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा खराबी आउनेछ | **तुला** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **वृष** | : शुभ कामको संकेत मिल्नेछ | **वृश्चिक** | : सोचेभन्दा बढी खर्च हुनेछ |
| **मिथुन** | : शरीरमा केही आलश्य हुनेछ | **धनु** | : मित्रतामा कमी आउनेछ |
| **कर्कट** | : सफलता मिल्न गाह्रो छ | **मकर** | : कामको जिम्मेवारी बढ्नेछ |
| **सिंह** | : यात्राबाट नोक्सान हुनेछ | **कुम्भ** | : मनोरञ्जन प्राप्त हुनेछ |
| **कन्या** | : घाउचोट लाग्न सक्नेछ | **मीन** | : व्यापारबाट लाभ मिल्नेछ |

# विश्वविधाता ईश्वर र अमूल्य मानव जीवन



बलवीर प्रसाद साह

सूर्यको जगमग सुनौलो किरणलगायतले सुशोभित यस पृथ्वीमा गौरवमय, सृजनात्मक, अमूल्य शरीररुपी मानवजीवनको सुन्दर रचना ईश्वरीय वरदान हो ।

विधाताको कृपादृष्टि र आशीर्वादविना मानव, पशुपक्षी एवं संसारको कुनै पनि अन्य जीवनको परिकल्पना गर्न सकिँदैन । सबैको जीवनदाता, पालनकर्ता एवं जीवन संरक्षक प्रकृतिजगत् हो । विधाता जीवनको नियन्त्रक शक्ति हो भने समस्त ईश्वरीय रचनामा मानव नै सर्वश्रेष्ठ चेतनशील प्राणी हो ।

पृथ्वीसँग सहकार्य गर्ने जल, वायु जमिन, अकाश र अग्नि तत्व हुन् । भक्तिमार्गमा पाँच तत्वहरुलाई पाञ्चायन देवता भनेर मानिन्छ । जगत् नियन्ता ईश्वरले प्रकृतिको यी पाँच तत्वरुपी आँचलभित्र आत्माहरुको जन्म, जीवन र मृत्युको सन्तुलन मिलाई प्रत्येक जीवनको लीला सञ्चालन गरिरहनुभएको रचनात्मक संसार एक सुन्दर सप्तरंगी रंगमञ्च हो ।

धर्म जीवन जिउने एक प्रणाली हो, विधि हो, तरिका हो । यो एक पवित्र शब्द हो, जुन मानवको व्यक्तिगत र सामाजिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने निकाय हो । वास्तवमा यस सृष्टिरुपी वृक्षको अधार नै धर्म हो । धर्म भनेको कर्तव्य हो, मानवीय दायित्व हो । धर्म जीवनशैली हो, मानवसृष्टिको मूल अधार हो । धर्ममा नै अपार शक्ति छ । पवित्रता नै धर्मको मूल अधार हो । सेवा नै धर्म हो र परोपकार नै पुण्य हो । धार्मिक रीतिरिवाज र चाडपर्वले व्यक्तिको उमंग, उत्साह, खुशी, कर्ममा कुशलता ल्याउनका लागि मार्गदर्शन गरिरहेको हुन्छ ।

आत्माले शरीर धारण गरेको समयलाई जन्म भनिन्छ भने त्यही आत्माले शरीर छोडेको समयलाई मृत्यु भनिन्छ । आत्माले जीव अर्थात् शरीरमा रहेर कार्य गर्ने समयलाई जीवन भनिन्छ । मानवजीवन तीनवटा प्रमुख सत्य लिएर उत्पन्न अर्थात् आगमन भएको हुन्छ- जन्म, जीवन र मृत्यु । यी तिनै सत्यताको आधारमा मानवीय नवजीवनको शुभारम्भ भएको हुन्छ । यसमा प्रमुख कर्म हो । कर्म नै धर्म (पूजा) हो र कर्म नै खुशी हो । कर्म नै जीवनको आधार हो । जगत् एक कर्मभूमि अर्थात् कर्मक्षेत्र हो भने शरीर कर्मका लागि साधन हो । शरीर जलले पवित्र हुन्छ, मन सत्यले, बुद्धि ज्ञानले र आत्मा संस्कारले पवित्र हुन्छ ।

जीवनलाई जगतसँग परिचालित गर्ने एकमात्र प्रभावशाली शक्ति आत्मा हो । प्रत्येक प्राणीको आत्माले शरीररुपी जीवनलाई प्रभावकारीरुपमा परिचालन गरिरहेको हुन्छ । मानवमा विचारको उत्पत्तिको आधार आत्मा हो । आत्मा चैतन्य ज्योतिस्वरुप हो । आत्माका प्रमुख सात मौलिक गुणहरु- ज्ञान, पवित्रता, शान्ति, प्रेम, सुख, आनन्द र शक्ति हुन् । एक आत्मा स्वयंमा शान्तिको स्रोत हो । आत्मा अमर, अविनाशी शक्ति हो र शरीर विनाशी साधन हो । प्रकृति-ज्ञान र आत्म-ज्ञान जान्नेलाई आत्मज्ञानी भनिन्छ ।

ज्ञान स्वयंमा शक्ति होइन तर जब विवेकद्वारा व्यावहारिक जीवनमा यसलाई उतारिन्छ तब ज्ञानले शक्तिको रुप लिन्छ । मानव आत्माभित्र अन्तरनिहित तीन शक्तिहरु- मन, बुद्धि र सस्कार रहेको हुन्छ । मानव आत्माका यी तीन शक्ति नै जीवनका पथप्रदर्शक हुन् । यी तीन शक्तिमध्ये मनको काम हो संकल्प, विचार र तर्कको उत्पत्ति गर्नु । बुद्धिको कार्य हो मनबाट उब्जेको संकल्प र विचारलाई विवेकको माध्यमबाट निर्णय दिनु । यसरी विवेकले दिएको निर्णय जब कर्म र व्यवहारमा उत्रन्छ त्यो नै मानिसको संस्कार बन्दछ ।

मनुष्यको मधुरवचन ईश्वरीय उपहार हो । मधुरता सत्यताको तहमा पुग्ने कला हो । मधुरता त्यस्तो मनुष्यको गुण हो जसको जीवनले अनन्तलाई चुमेको हुन्छ । व्यक्तिको गुण नै उसको सुन्दरताको आधार हो । भाषा शरीरको यस्तो अदृश्य अंग हो, जसले व्यक्तिको सबै थोक दिखाइदिन्छ । जीवन पाउनु भाग्यको कुरा हो, मृत्यु हुनु समयको कुरा हो, परन्तु मृत्युपश्चात् व्यक्तिको स्मरणमा रहनु कर्मप्रधानको कुरा हो । तसर्थ कति बाँच्ने हो, यो भाग्य विधाताको हातमा रहन्छ । तर कसरी जीवन जिउने हो, यो त स्वयं व्यक्तिको हातमा नै रहन्छ । जीवनमा हरेक ठक्कर खसाल्नको लागि मात्रै लाग्दैन, केही ठक्कर मानिसलाई सुधार्न, सम्हाल्न र अनुभव गर्नको लागि पनि हुन्छ । किनकि अनुमान मनको कल्पना हो र अनुभव जीवनको सिकाइ हो । यसरी स्वयंको अनुभवले सत्यको दर्शन गराउँछ ।

संसारमा प्रेम एउटा यस्तो चिज हो, जसले मनुष्य तथा जीवजन्तुहरुलाई मिलेर बाँच्न सिकाउँछ । प्रेम एक चुम्बकीय शक्ति हो । यसको प्रयोगले पापी, अहंकारीलगायतको फदय परिवर्तन गर्न सम्भव गराउँछ । प्रेमको शक्ति एक अद्भुत उदाहरण हो भने प्रेमले जीवनको महत्व बढाउँछ । यसरी प्रेमको अलग-अलग स्तर हुन्छ- भक्त र भगवान्को प्रेमलाई भक्ति कहलाइन्छ । गुरु र शिष्यको प्रेमलाई श्रद्धा कहलाइन्छ । आमा र बच्चाको प्रेमलाई ममता कहलाइन्छ । प्रेम एक यस्तो दिव्य औषधि पनि हो भनिन्छ । केवल रक्तसम्बन्धले नै कोही आफ्नो हुँदैन । प्रेम, सहयोग, विश्वास, इमानदारी, सुरक्षा, सहानुभूति र सम्मान, यो सबै यस्तो भाव हो जसले परायालाई पनि आफ्नो बनाइदिन्छ । जीवनमा रिलेसन यस्तो होस्, डायमण्ड अर्थात् हिराको जस्तो । हेर्नमा सानो परन्तु मूल्यवान् र अनमोल रहोस् । किनकि सुख र दु:खको संगम हो जिन्दगी, रिलेसन नाताविनाको अधुरो हो जिन्दगी ।

जगत्का सम्पूर्ण मानिसको आन्तरिक कामना लगभग एउटै रहन्छ । त्यो हो सुन्दर स्वस्थ जीवन, धनधान्य, सुख, शान्ति, सफलता, सम्मान, आनन्द, सुरक्षा, सहयोग इत्यादि । यसर्थ जीवनको तुलना कसैसँग गरेर निरास नहुनुपर्ने हो । किनकि सूर्य र चन्द्रमाको बीचमा केही तुलना छैन, जब जसको समय आउँछ तब चम्किलो रुप देखिन्छ ।

समय सबैभन्दा ठूलो न्यायाधीश मानिन्छ । समयको साथ परिवर्तन नै सुखमय जीवनको आधार हो । तसर्थ चार वेदको अर्थ नजान्नेलाई केही फरक पर्दैन, परन्तु समझदारी, जवाफदेही, मेहनती र इमानदारी यी चार शब्दको अर्थ बुझिन्छ भने जीवन सार्थक बन्न सक्छ । मानवीय संस्कारले सारा संसारको मन जित्न सकिन्छ । मनुष्यको कर्म नै उसका विचारहरुको सर्वश्रेष्ठ व्याख्या हो ।

संसारमा मानिस जति विद्वान्, धनवान्, साधनहरुले भरपूर भए पनि हिसाबकिताब त सिर्फ विश्वविधाता ईश्वरद्वारा नै सही हुन्छ, सबैलाई पठाउँदा खाली हात तथा फिर्ता बोलाउँदा खाली हात । यसर्थ मनुष्यलाई पृथ्वीको अतिथि हो भनिन्छ । किनकि परिवर्तन संसारको नियम हो ।

विश्वका लागि हामी सिर्फ निमित्त मात्र हौं, संसारमा । सबै मनुष्यको आत्माले आ-आफ्नो पार्ट रोल प्ले गरिरहेको हुन्छ । जुन आत्माले आफ्नो पार्ट रोल निमित्त भावले प्ले गरिरहेको हुन्छ, त्यो आनन्दमा रहन्छ । यसरी प्रार्थनाले आत्मालाई, क्षमाले रिलेसनलाई र परोपकारले व्यक्तिको भाग्यलाई शुद्ध गरिदिन्छ । भाग्यले कर्मलाई बदल्दैन, परन्तु कर्मले भाग्य जरुर बदल्छ ।

जीवन एक फूल हो, यस फूलरुपी जीवनमा काँढा धेरै हुन्छ तर सौन्दर्यको पनि कुनै कमी हुँदैन । जीवनमा समस्याहरु आउनु 'पार्ट अफ लाइफ' हो तर त्यसको समाधानबाट बाहिर निस्कनु 'आर्ट अफ लाइफ' हो । तसर्थ संसारको बोझ मनबाट हटाइदेऊ । सानो जिन्दगी छ, हाँसेर बिताइदेऊ । अनमोल जीवनको यो वसन्तमा अनन्त खुशी छाओस् । सुख, शान्ति, प्रेम र उत्साहले जीवनमा उमंग भरियोस् ।

*(साभार: नेपाल समाचार-पत्र)*

# सुत्केरीको मानसिक स्वास्थ्य

अमृता लम्साल

गत माघको तेस्रो हप्ता काठमाडौंको नारायणटारबाट एक महिला घरबाट ब्युटीपार्लरमा बेचिएको घिउको पैसा उठाउँछु भनेर हिंडेकी तर नभेटिएकी भनेर फेसबुकमा खोजी गरिदिन आग्रह गर्दै महिलाको फोटो सहित पोस्ट गरिएको थियो । मंगलबारदेखि घर छाडेर हिंडेकी महिला बिहीबार शालीनदी क्षेत्रमा भेटिएको समाचार छापियो । त्यो समाचारले कस-कसमा के प्रभाव पर्‍यो थाहा भएनह यो पंक्तिकारलाई चाहिं एकैपटक सन् २००१ जून २० को दृश्यमा पुर्‍यायो । त्यसको कारण थियो, उनी ३ महिनाको सुत्केरी थिइन् र बच्चा छाडेर हिंडेकी थिइन् ।

सन् २००१ को जून २० तारिखको दिन अमेरिकाको टेक्सास राज्यस्थित क्लियरलेक शहरमा बस्ने एन्ड्रिया एट्सले आफ्ना पाँच जना नाबालिग बच्चाहरू, जो सात वर्षदेखि मुस्किलले सात महिना पुगेका थिए, आफ्नै घरको बाथटबमा पालैपालो डुबाएर मारिन् । त्यो दिन नासामा काम गर्ने उनका श्रीमान् रसेल एट्स बिहान नौ बजे काममा हिंडेपछि उनले तीन जना छोराहरू, ल्युक, पौल र जोनलाई पहिले डुबाइन् । उनीहरू मरिसकेपछि उनीहरूको मृत शरीरलाई निकालेर ओछ्यानमा लागेर लहरै सुताइन् । त्यो दुर्घटनालाई स्थानीय टेलिभिजनका च्यानलहरूले लाइभ प्रसारण गरिरहेका थिए । त्यो हेरेपछि उनलाई गाली गर्न कसले बाँकी राखेको थियो होला र !

त्यति गर्दासम्म उनले सबैभन्दा सानी छोरी मेरीलाई बच्चा राख्ने बास्केटमा नै राखेर डुबाएकी थिइन् । तर, मेरी रोएको सुनेर उनको जेठो छोरो नोहा बहिनीलाई के भयो भनेर सोध्दै त्यहाँ आइपुग्यो । त्यहाँको स्थिति देखेर भाग्न लागेको नोहालाई पनि समातेर उनले मेरीसँगै टबमा डुबाइन् । त्यसपछि, त्यतिबेलासम्म प्राण त्यागिसकेकी मेरीलाई टबबाट झिकेर लगी अरू बच्चाहरूसँगै सुताइन् भनेर न्युज च्यानलहरूले भनिरहेका थिए । नोहालाई टबमै छाडेर अरू सबै बच्चाहरूको शवलाई तन्नाले छोपेर प्रहरीलाई फोन गर्न गइन् र, आफ्ना पतिलाई छिटो घर आउन भनिन् । उनले आफ्नो पतिलाई त्यो घटनाबारे सुनाइन् ।

प्रहरी घरमा आएपछि उनले आफूले आफ्ना सबै छोराछोरीलाई डुबाएर मारेको जानकारी दिएर उनीहरूको शव भएको कोठामा लिएर गइन् । त्यसपछि, उनलाई प्रहरीले गिरफ्तार गर्‍यो । ज्यान मारेको अभियोग पनि लगाइयो । उनलाई ४० वर्षपछि मात्र प्यारोलमा छुट्ने गरी सन् २००२ मा आजीवन काराबासको सजाय सुनाइयो । तर, उनको सुनुवाइमा अपील गरियो र सन् २००६ जुलाई २६ का दिन जुरीले उनलाई मानसिक सन्तुलन ठिक नभएको कारण देखाएर सजायमुक्त गर्‍यो । अर्थात्, उनको त्यो डरलाग्दो अपराध उनले जानाजान गरेको नभई बच्चा भएपछि महिलामा हुनसक्ने तीव्र नैराश्यताको कारणले गरेको हुँदा उनी सजायको भागी नठहर्ने निष्कर्षका साथ उनको पहिलाको मुद्दा उल्टियो ।

एन्ड्रिया एट्सको इतिहास हेर्दा तीनवटा बच्चा जन्माइसकेपछि र एउटा गर्भपतन भइसकेपछि उनले जीवनदेखि थाक्न थालेको अनुभूति देखाउन थालिसकेको कुरा उनका नजिक रहेका व्यक्तिहरूले मुद्दाको बहसको समयमा व्यक्त गरेका थिए । तर, 'भगवानले दिए जति बच्चा जन्माउनुपर्ने' रोमन क्याथोलिक विश्वास अनुसार एट्स दम्पतीले बच्चा जन्माउन रोकेनन् । यसको सट्टा उनीहरूलाई आफ्नो धर्मगुरुबाट धार्मिक सिद्धान्तमा विचलन हुन नहुने दबाबका साथ पत्र प्राप्त भयो । त्यो दिन, सामान्यतया, जनावरको संसारमा समेत आफ्नो अस्तित्व मेटाएरै भए पनि आफूले जन्माएको बच्चाको हेरचाह गर्ने, चाटीचाटी बच्चा हुर्काउने संस्कार बोकेकी 'आमा'को पर्यायको सोच्नै नसकिने पाटोबारे जानकारी पाएँ ।

हुनसक्छ, नारायणटारकी ती महिलाले बच्चा छाडेर हिंड्दा जुन कामको लागि गएकी थिइन् त्यही नै थियोह वा, उनी पूर्ण रूपमा मानसिक तथा शारीरिक रूपले पूर्ण स्वस्थ थिइन्/छन् । तर, बच्चा छाडेर हिंडेको भन्ने बित्तिकै, त्यो घटना 'पोस्टपार्टम डिप्रेसन'सँग जोडिएको त थिएन ? भन्ने प्रश्नले सताइरह्यो । एन्ड्रिया एट्सको त्यो अवस्था नदेखेको बेलासम्म 'पोस्टपार्टम डिप्रेसन' भनेको के हो ? र यसले कतिसम्म अपराध गराउँदोरहेछ भन्ने जानकारी आफूलाई पनि थिएन । त्यो दिन पश्चात् आफ्नो सुत्केरी अवस्था सम्झँदा, पहिलो बच्चा जन्मिएपछि, ओहो, मेरो जीवन त यही तेलमै डुबेर सक्किनेभोह कतै जाउँ भने पनि बच्चा छाडेर हिंड्न नपाइनेभो भन्ने सोचले नैराश्यता नआएको पनि होइन । तर, यस्ता कुराहरू नयाँ आमाहरूलाई हुनसक्ने मानसिक स्वास्थ्यको कुरा हो भन्ने थाहा थिएन । त्यो घटनाले जीवनभर नबिर्सने गरी पाठ सिकायो । पोस्टपार्टम डिप्रेसनको बारेमा हामी कति चेतनशील छौं ? सुत्केरी महिलाको शारीरिक मात्रै होइन, मानसिक स्वास्थ्यको बारेमा हामीले कति ध्यान दिन्छौं ?

यो समाजमा महिला गर्भवती वा सुत्केरी भएपछि उनीहरूको जरुरतबारे कति ध्यान दिइन्छ ? लौ मानौं, शहरमा त अलिअलि चेतना छ भन्ठानौं, गाउँघरमा नयाँ आमा बन्न लागेकाहरूको जरुरत कसले थाहा पाउला ? यो इस्युको बारेमा विज्ञहरूका अनुसार पोस्टपार्टम डिप्रेसन बच्चा जन्माएको एक-दुई दिनदेखि केही हप्ता वा महिनामा पनि देखिन सक्छ । अमेरिकामै पनि एन्ड्रिया एट्सको दुर्घटना पश्चात् पोस्टपार्टम डिप्रेसनबारे व्यापक चर्चा भयो र मानसिक समस्याबारे ध्यान दिन थालियो । उनको मुद्दामा बहस हुँदा सञ्चारमाध्यमद्वारा आम जनमानसले त्यसबारे धेरै कुरा थाहा पाए । यति हुँदाहुँदै सन् १९९९ मा मानसिक तनावले तीव्र रूपमा ग्रस्त भएर एन्ड्रियाले दुईपटक आत्महत्या गर्ने कोसिस गर्नुका साथै अन्य मानसिक समस्याले गर्दा पटक-पटक अस्पताल भर्ना भइसकेकी रहिछन् ।

त्यसैबेला उनलाई 'सुत्केरी भएपछि हुनसक्ने नैराश्यताले ग्रस्त' बनाएको निष्कर्ष डाक्टरहरूले दिइसकेका थिए । तर, परिवार र धर्मको अधीनमा परेको उनको जीवनमा उनको कुरा बुझ्ने चासो र सामर्थ्य सम्बन्धित पक्षले देखाएन, जसको फलस्वरूप उपरोक्त जघन्य घटनाको सामना व्यक्ति, परिवार र समाजले नै गर्नुपर्‍यो । अमेरिकामा मानसिक रोगले ग्रसित भएर आमाहरूले बच्चाहरूको ज्यान लिएको यो मात्र घटना होइन । जतिले आफ्ना बच्चाहरू मारेका छन्, उनीहरूमध्ये धेरैले उनीहरूको भगवान वा शैतानले बच्चा मार्न आदेश दिएको वा शैतानबाट बच्चाहरूलाई जोगाउन मारेको साबिती दिएका छन् ।

एन्ड्रिया एट्सको घटनापछि पनि प्लानो भन्ने ठाउँमा लिसा दियास नामक महिलाले आफ्ना तीन र पाँच वर्षका छोराछोरीहरू मारेर आफूले असफल आत्महत्याको कोसिस गरेकी थिइन् । त्यसैगरी, टाइलर टेक्ससकी डिएना लेनीले आफ्ना दुई छोराहरूलाई ढुङ्गाले हानेर मारी तेस्रो छोरालाई सिकिस्त घाइते बनाएकी थिइन् । प्लानोकै अर्की महिला डेना सोल्स्करले आफ्नो दश महिनाको छोराको ज्यान लिएकी थिइन् । यो क्रममा इरानबाट बसाइँ सरेर आएको परिवारकी २८ वर्षीया आमाले आफ्नो दुई महिनाको शिशुलाई रुखैरुखले घेरिएको स्थानमा लगेर जिउँदै गाडेर मारेको तथ्य प्रकाशमा आएको थियो । समाचारमा आए अनुसार उनलाई पनि आफ्नो पहिलो बच्चाको जन्मपछि डिप्रेसनको कारण दुई महिनासम्म औषधि उपचार गर्नुपरेको थियो । उपरोक्त उदाहरणहरू यहाँ प्रस्तुत गर्नुको कारण महिलाहरूमा बच्चा जन्माए लगत्तै केही महिनासम्म हुनसक्ने नैराश्यताले यति नराम्रोसँग जरा गाड्ने रहेछ कि, त्यस्तो बेलामा उनीहरूले जस्तोसुकै कृत्य पनि गर्न सक्दारहेछन् भन्ने तथ्य अगाडि राख्नु नै हो । हुनत, नेपालमा बहुमत महिलाहरूको शारीरिक स्वास्थ्यको त कसैले ख्याल गर्दैन भने मानसिक स्वास्थ्यको कुरा उठाउँदा त हाँसोकै पात्र बनिन पनि बेर लाग्दैन । अझ त्यसमा पनि मानसिक स्वास्थ्यको कुरा आउने बित्तिकै 'पागल' कै ठप्पा पनि लाग्न सक्दछ ।

तर, सुत्केरीपछि हुने 'डिप्रेसन' विकसित समाजमा मात्र नभएर नेपाली समाजमा पनि व्याप्त छैन होला भनेर भन्न सकिन्न । फरक के छ भने, विकसित समाजमा कुनै घटना भयो भने सम्बन्धित पक्षले तत्कालको परिवेशलाई मात्र नहेरेर त्यो व्यक्तिको बालककालदेखिको सबै इतिहास केलाएर मात्र निष्कर्षमा पुग्छ । नेपालमा जस्तो 'त्यो महिला या पुरुष बौलाएछ' भन्ने सोचले हेरिँदैन र सजाय पनि तय गरिँदैन । यसै प्रसंगमा, काठमाडौं मोडेल हस्पिटलको डिपार्टमेन्ट अफ अब्सटेट्रिक्स एन्ड गाइनोकोलोजिस्ट विभागीय प्रमुख सिनियर कन्सल्ट्यान्ट डाक्टर अरुणा कार्कीसँग केही प्रश्नहरू राखेकी थिएँ । उहाँका अनुसार, उहाँको ३६ वर्षीय पेशागत जीवनमा उहाँले प्रसूति गृहमा ६ वर्ष कार्यरत र हँदा थुप्रै पोस्टपार्टम डिप्रेसनका बिरामीहरू भेट्नुभएको रहेछ ।

त्यो अनुपातमा मोडेल हस्पिटलमा कम भेटिने रहेछ । उहाँ भन्नुहुन्छ, 'हामीले आफूले भेटेका 'माइल्ड साइकोसिस'का बिरामीहरूलाई आफैंले उपचार गर्ने र अलि धेरै नै बिरामी भएमा सम्बन्धित विशेषज्ञहरूकहाँ पठाउने गर्छौं ।' कागजमा मात्रै हेर्ने हो भने, नेपालमा सरकारले नै सुरक्षित मातृत्वको नाराका साथ गर्भावस्थामा ८ पटक र सुत्केरीलाई चार पटक स्वास्थ्य जाँच गराउनुपर्ने नीति पनि बनाएको छ । तर, त्यस्ता कुराहरू कति पालना हुन्छ भनेर हेर्नलाई गर्भवती महिलाहरू बर्थिंग सेन्टर वा अस्पताल जान नसकेर बाटाबाटैमा बच्चा जन्माएको दृश्यहरू हेरे पुग्छ । त्यसको लागि सामाजिक सञ्जाल नै पनि काफी छ । यस्तो स्थितिमा, गर्भवती तथा सुत्केरीको मानसिक स्वास्थ्यबारे सम्बन्धित पक्षलाई कति चासो होला र !

सरकारले आमा तथा नवजात शिशुको स्वास्थ्य अवस्था सुधार्न दिगो विकास लक्ष्य अनुरूप २०३० को रोडम्याप पनि तयार गरेको छ । जसअनुसार, सन् २०३० सम्ममा मातृ मृत्युदर घटाउन, आमा र बच्चाको स्वास्थ्यमा सुधार ल्याउने कुरा पनि छ । तर, त्यहाँनिर खट्किने विषय भनेको सामाजिक सञ्जाल वा पत्रपत्रिकामा ह्यासट्याग राखेर 'मेन्टल हेल्थ म्याटर्स' लेखेर जिम्मेवारी मुक्त हुनु मात्रै होइन । खासमा भन्ने हो भने, मानसिक स्वास्थ्यलाई शारीरिक स्वास्थ्यभन्दा बढी ध्यान दिनुपर्दछ ।

एकातिर तीव्र शहरीकरणले बढाउँदै लगेको एक्लोपन, अनि बच्चा भएको लगत्तै थपिने शारीरिक र मानसिक जिम्मेवारी, निद्राको कमि, शरीरमा हुने हर्मोनको परिवर्तन आदित्यादि कारणहरूले त्यस्ता कल्पना नै गर्न नसकिने खालका भयानक घटना या अपराधहरू घट्ने पुष्टि समाजशास्त्रीहरू गर्दछन् । उक्त रोगले गाँजेपछि रोगी विना कारण नै रोइरहने, झिजिने, झर्किने, ज्यादै उदास हुने, भविष्यप्रति आशावादी नहुने, आफ्नो जीवन नै सिद्धियो जस्तो ठान्ने, केही गर्न पनि जाँगर नदेखाउने, अरूसँग रिसाउने आदि-आदि हुन्छ भनेर विशेषज्ञहरू भन्दछन् । त्यसैले नेपालमा पनि यस्ता कुरामा जनमानसमा चेतना ल्याउने खालका कार्यक्रमहरू ल्याउन जरूरी भइसकेको छ ।

नेपालको सन्दर्भ उल्लेख गर्दा अलिकति कोसिस त भएको रहेछ । यो लेख तयार पार्ने सामग्री खोज्दा थाहा भयो, सन् २००२ मा त्रिभुवन विश्वविद्यालयको मेन्टल हेल्थ रिसोर्स सेन्टरले र सन् २००१ को अक्टोबरदेखि २००३ को जनवरीसम्म नर्वेको युनिभर्सिटी अफ वर्जनले सीमित संख्यामा सुत्केरी आमाहरूको सर्वेक्षण गरेको रहेछ । त्यो बहुल धर्म, संस्कृति र सोच बोकेको नेपालको समाजका लागि पर्याप्त छैन । यहाँ अर्को तथ्य पनि उल्लेख गर्न आवश्यक छ कि, बच्चा भएपछि हुनसक्ने नैराश्यताले महिलालाई मात्र होइन, पुरुषलाई पनि आक्रान्त बनाउँदो रहेछ । त्यसैले हेर्दा सामान्य लाग्ने यस्तो रोगबाट समाजमा कुनै भयंकर घटना हुन नदिन समयमै सचेत हुनेतर्फ पाइला चाल्नु नै बुद्धिमानी हुनेमा दुईमत हुन सक्दैन होला ।

यो लेख्दै गर्दा ती दिनहरू आँखा अगाडि आइरहेछन्, जुन दिनमा काठमाडौं खाल्डो भित्रै पनि सुत्केरी महिलालाई सुत्केरी भएपछि, दश दिनसम्म पराल ओछ्याएर सुताइन्थ्यो । खाटमा सुत्न, पिर्कामा बस्न वर्जित गरिन्थ्यो । छुन हुन्न भनेर खानाहरू पनि परैबाट सारि दिइन्थ्यो । यस्ता दिनहरू आजकल देख्नुपर्दैन तर चाहिने जति सहयोग पनि विरलै पाइन्छ ।

*(साभार: अनलाइनखबर)*

# भारतमा नेपालको लगातार दोस्रो जित



काठमाडौं/नेपालले भारतमा जारी एसएमएस फ्रेन्डसिप कपमा बरोडालाई २७ रनले हराउँदै लगातार दोस्रो जित हात पारेको छ । जितको लागि १५७ रनको लक्ष्य पछ्याएको बरोडाले २० ओभरमा सबै विकेट गुमाएर १२९ रन बनायो ।

बरोडाका भानु पानियाले २६ बलमा ३ छक्कासहित सर्वाधिक ३६ रन बनाए । कप्तान विष्णु सोलांकीले ३२ बलमा २ चौकासहित २५ रन बनाए । बाबा खानले १८ बलमा २ चौका र २ छक्कासहित २७ रन बनाए ।

नेपाललाई तीव्र गतिका बलर करण केसीले पहिलो ओभरमै किन्ती पटेल र शस्वात रावतलाई शून्यमा आउट गर्दै उत्कृष्ट सुरुवात दिलाएका थिए । सोमपाल कामीले मोहित मोंगियालाई ३ रनमा बोल्ड गर्दा ३.४ ओभरमा २१-३ को अवस्थामा पुगेको थियो । त्यसपछि अमित पासी १४ रनमा रन आउट भए । दीपेन्द्रले उत्कृष्ट रन आउट गरेका थिए ।

एक समय २२(५ को दयनीय अवस्थामा पुगेको बरोडालाई छैटौं विकेटका लागि भानु र विष्णुले ५३ रनको साझेदारी गरेका थिए । नेपालका करण केसीले ४ ओभरमा २४ रन खर्चेर ३ विकेट लिए । सोमपाल कामीले ४ ओभरमा १ मेडनसहित २० रन खर्चेर २ विकेट लिए । अभिनाश बोहराले २, गुलशन झा र दीपेन्द्रसिंह ऐरी १(१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ६ विकेट गुमाउँदै १५६ रन बनाएको थियो । नेपालको जितमा कुशल मल्लले २५ बलमा ३ चौका र २ छक्कासहित सर्वाधिक ४० रन बनाए ।

सन्दीप जोरा १६ बलमा समान २ चौका र छक्कासहित २९ रनमा रन आउट भए । एक समय १२.५ ओभरमा ८२-५ को अवस्थामा पुगेको नेपाललाई छैटौं विकेटका लागि सन्दीप र कुशलले ४७ रनको साझेदारी गर्दै मध्यम योगफलमा पुर्याएका थिए ।

ओपनर आसिफ शेख र कुशल भुर्तेल ९-९ रनमा आउट भएका थिए । अनिल कुमार शाह २७ बलमा २ चौका र १ छक्कासहित २५ रनमा क्याच आउट भए । कप्तान रोहित पौडेल १३ बलमा ३ चौकासहित १८ र गुलशन झा १३ रनमा आउट भए ।

भारतबा बाबा खानले २, मोहित मोंगिया र पारीक्षित पाटीदारले १-१ विकेट लिए । नेपालले पहिलो खेलमा गुजरातलाई ८ विकेटले हराएको थियो । गुजरातले बरोडालाई ५ विकेटले हराएको थियो । अब नेपालले बुधबार गुजरात र शुक्रबार बरोडासँग खेल्नेछ । फाइनल आइतबार हुनेछ ।

# डीएसपी ठगबहादुर केसी भ्रष्टाचारी ठहर, २ वर्ष कैद सजाय

बुटवल/इलाका प्रहरी कार्यालय बुटवलका तत्कालीन प्रहरी नायब उपरीक्षक (डीएसपी) ठगबहादुर केसीलाई विशेष अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ ।

न्यायाधीशहरू टेकनारायण कुँवर, तेजनारायण सिंह राई र रितेन्द्र थापाको संयुक्त इजलासले मंगलबार अन्तिम फैसला सुनाएको हो । अदालतले केसीलाई २ वर्ष कैद र साढे ८ लाख रुपैयाँ बिगो तथा जरिवानाको फैसला गरेको छ ।

बुटवलमा कार्यरत रहँदा डीएसपी केसीको निवासबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगद र सुन बरामद गरेको थियो । अख्तियारले १८ लाख रुपैयाँ बिगो दाबी गर्दै उनीविरुद्ध गत भदौ १३ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

२०७९ साल मंसिर २५ गते बुटवल उपमहानगरपालिका-५ हाटबजार नजिकबाट ३४ तोला २१ लाल ७ प्वाइन्ट सुन लिएर गएका केसीले यस बारेमा कार्यालयमा जानकारी नगराएको अख्तियारले दाबी गरेको थियो ।

पछि उनले सुन फिर्ता लगेको कागज गर्न लगाएको तर सुन फिर्ता नगरी आफैसँग राखेको अख्तियारको भनाइ थियो । त्यसक्रममा केसीले दुई जनासँग १८ लाख रुपैयाँ घुस लिएको पाइएको अख्तियारले बताएको छ ।

केसीविरुद्ध अदालतमा बयान फेरेको आरोपमा मुद्दा दायर गरिएका बुटवलका खिलेन्द्र सिंह जिसीलाई पनि विशेष अदालतले दोषी ठहर गर्दै साढे १ वर्ष कैद र ९ लाख ५० हजार रुपैयाँ बिगो तथा जरिवानाको फैसला सुनाएको छ ।

अभियोजनमा सरकारी साक्षीका रूपमा प्रस्तुत गरिएका बुटवल उपमहानगरपालिका-४ लक्ष्मीनगरका जिसीविरुद्ध अख्तियारले विशेष अदालतमा अभियोगपत्र दायर गरेको थियो । जिसीले केसीलाई सफाइ हुने नियत राखेर अदालतमा बयान फेरेको अख्तियारले दाबी गरेको छ । अख्तियारको दाबीलाई विशेष अदालतले सही ठहऱ्याउँदै जिसीलाई पनि कसूरदार ठहर गरेको हो ।

# 'डिग्री माइला'को अष्ट्रेलिया र अमेरिकामा ११ सय बढी शो हुने

काठमाडौं/नयाँ वर्षको अवसर पारेर चैत ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'डिग्री माइला'को ट्रेलर रिलिजपछि विदेशमा समेत माग चर्किएको छ ।

अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार खरिद गरेको कम्पनी सेभेन सीज इन्टरटेनमेन्टले अमेरिका, अष्ट्रेलिया, फिनल्यान्ड, डेनमार्क, साइप्रस, माल्टा, नर्वे जस्ता देशमा फिल्म बिक्री गरिसकेको छ । विदेशमा समेत नेपालकै मितिमा फिल्म प्रदर्शन हुनेछ ।

अष्ट्रेलिया र अमेरिकामा मात्र फिल्मको ११ सय बढी शो हुने भएको छ । अष्ट्रेलियामा ४ सय बढी र अमेरिकामा ७ सय बढी शो हुने वितरक कम्पनी सेभेन सीजको दाबी छ । अष्ट्रेलियामा फिल्मको बुकिङ समेत खुलिसकेको छ । 'कबड्डी' समूहको फिल्म भएकाले विदेशमा 'डिग्री माइला'ले सुखद् व्यापार गर्ने प्रक्षेपण गरिएको छ । किनकि, यो समूहका प्राय: फिल्म विदेशमा राम्रो चलेका छन् ।

रामबाबु गुरुङको निर्देशन रहेको फिल्ममा दयाहाङ राई र आँचल शर्माको जोडी बाँधिएको छ भने प्रकाश घिमिरे, माओत्से गुरुङ, विजय बराल, बुद्धि तामाङ लगायतको पनि अभिनय छ ।

शैक्षिक बेरोजगारको कथामा आधारित भएर बनेको फिल्मलाई शिवराम श्रेष्ठ तथा राइली एस शिनले छायांकन गरेका हुन् । ट्रेलर रिलिजपछि चुलिएको चर्चा हेर्दा फिल्मले आक्रामक व्यापार गर्ने देखिन्छ ।

# रोटरी क्लबद्वारा अस्पताललाई इसिजी मेसिन

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/रोटरी क्लब अफ मकवानपुरले मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठाद्वारा संचालित हेटौंडा अस्पताललाई दुइवटा इसिजी मेसिन हस्तान्तरण गरेको छ ।




सोमबार ७ लाख बराबरको इसिजी मेसिन सहयोगस्वरुप हस्तान्तरण गरिएको हो । रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष अन्जनी पराजुलीले हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डाक्टर श्रीधर अर्याललाई मेसिन हस्तान्तरण गरे । मेसिनरी सामान हस्तान्तरण गर्दै अध्यक्ष पराजुलीले रोटरीले दिएका मेसिन प्रयोगमा आए मकवानपुरवासीनै अस्पताल प्रती कृतज्ञ हुने बताए ।

उनले बिग्रेर थन्केका अन्य मेसिनहरु मर्मत गरी ततकाल प्रयोगमा ल्याउन अनुरोध गरे । नौ महिनाअगाडि दिएको मेसिन अझै प्रयोगमा नआएको बताउँदै त्यसलाई पनि प्रयोगमा ल्याउन अध्यक्ष पराजुलीले आग्रह गरे । हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डाक्टर अर्यालले अस्पताललाई आवश्यक रहेको मेसिननै सहयोग भएकोमा खुशी व्यक्त गर्दै तत्काल प्रयोगमा ल्याउने विश्वास समेत दिए ।

पहिला सहयोग भएका मेसिन अझै प्रयोगमा नआएकोमा दु:ख व्यक्त गर्दै उनले आफूले सकेको पहल गरी छिट्टै प्रयोगमा ल्याउने समेत प्रतिबद्धता जनाए । मुटुरोग सम्बन्धी चिकित्सक नभएको कारण मेसिनरी सामग्री प्रयोगमा नआएको बताउँदै चिकित्सक ल्याउनमा सबैले पहल गर्न समेत उनले अनुरोध गरे । मेसिन हस्तान्तरण कार्यक्रममा रोटरीका निवर्तमान अध्यक्ष कृष्णबहादुर कार्की, संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापति, निर्वाचित अध्यक्ष अनिल अग्रवाललगायतको उपस्थिति रहेको थियो ।

# दोस्रो त्रैमासमा ४ प्रतिशत आर्थिक वृद्धि

काठमाडौं/सरकारले चालु आर्थिक वर्ष (आव) २०८०/८१ को दोस्रो त्रैमास (साउन-पुस) मा ४ प्रतिशतले आर्थिक वृद्धि भएको प्रारम्भिक अनुमान गरेको छ ।



राष्ट्रिय तथ्यांक कार्यालयले मंगलबार सार्वजनिक गरेको विवरण अनुसार २०७९/८० को दोस्रो त्रैमासको तुलनामा यस वर्ष आर्थिक वृद्धिदर ४ प्रतिशतले बढ्ने देखिएको हो । यस त्रैमासमा अर्थतन्त्र वृद्धि हुनुमा धान लगायत अन्नबाली र अन्य कृषि उत्पादनमा भएको वृद्धि तथा पर्यटक आगमनमा भएको वृद्धि मुख्य कारण मानिएको छ । होटल क्षेत्रको कुल मूल्य अभिवृद्धिले समग्र अर्थतन्त्रमा योगदान गरेको छ ।

व्यापार क्षेत्रमा झिनो वृद्धि तथा उद्योगबाहेक अन्य क्षेत्रमा समेत सकारात्मक वृद्धि भएको कार्यालयले जनाएको छ । २०८०/८१ को पहिलो त्रैमासको तुलनामा अर्थतन्त्र ०.७ प्रतिशतले वृद्धि भएको छ ।

क्षेत्रगत हेर्दा सबैभन्दा धैरै वृद्धि आवास तथा भोजन सेवासँग सम्बन्धित क्रियाकलापको २९.३ प्रतिशतले वृद्धि भएको छ । ग्यास क्षेत्रमा १७.१ प्रतिशत वृद्धिदर भएको छ । यातायात तथा भण्डारण क्षेत्रमा १४.३ प्रतिशत वृद्धि देखिएको छ ।

त्यस्तै खानी तथा उत्खनन क्षेत्रमा ९.४ प्रतिशत वृद्धि भएको छ । निर्माण क्षेत्रमा भने २.२ प्रतिशतको संकुचन आएको छ । वित्तीय तथा बीमा क्षेत्रको वृद्धिदर ९.१ प्रतिशत छ । कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर ३ प्रतिशत छ । थोक तथा खुद्रा व्यापार भने ०.५ प्रतिशत मात्र बढेको छ ।

चालु आवसँग तुलना गर्दा पहिलो त्रैमासको तुलनामा दोस्रो त्रैमासमा १२ क्षेत्रमा वृद्धि भएको छ भने ६ क्षेत्रमा संकुचन आएको छ । विद्युत्, ग्याँस, आपूर्ति सेवा क्षेत्रमा सबैभन्दा धेरै ९.३ प्रतिशत वृद्धि भएको छ । यातायात र भण्डारणमा ६.५ प्रतिशत वृद्धि भएको छ । कृषिमा २.६ प्रतिशत वृद्धि भएको छ ।

यस वर्ष सरकारले ७ प्रतिशत हाराहारी आर्थिक वृद्धि प्राप्त हुने बजेटमा अनुमान गरेको थियो । कार्यालयको तथ्यांकले लक्ष्यभन्दा धेरै कममात्र आर्थिक वृद्धि हुने देखिन्छ । यसअघि मंगलबार नै विश्व बैंकले यस वर्ष ३.३ प्रतिशत आर्थिक वृद्धिदर हुने प्रक्षेपण सार्वजनिक गरेको थियो ।

# त्रिविको लापरबाही, दोहोरियो एउटै प्रश्न

काठमाडौं/त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागको लापरबाही दोहोरिएको छ । सञ्चालन भइरहेको स्नातकोत्तर चौथो सेमेष्टरअन्तर्गत अर्थशास्त्र विषयको प्रश्नपत्रमा एउटै प्रश्न दुई ठाउँ सोधिएको छ ।




पब्लिक इकोनोमिक विषयको प्रश्नपत्रमा एउटै प्रश्न ८ र ९ नम्बरमा सोधिएको छ । यो निवर्तमान विभागीय प्रमुख प्रा.डा. शिवराज अधिकारीले पढाउने विषय हो । १३ चैतमा सञ्चालन भएको परीक्षाको प्रश्न दोहोरिएको र एउटै पाठबाट धेरै वटा प्रश्न सोधिएको विद्यार्थीहरू बताउँछन् । एक विद्यार्थी भन्छन् 'त्रिविको लापरबाहीको शिकार हामी भइरहेका छौं ।'

गत वर्ष भएको परीक्षामा पनि यही विषयको प्रश्नपत्र अघिल्लो वर्षको हुबहु थियो । त्यो बेला विभागीय प्रमुख अधिकारी थिए भने पब्लिक इकोनोमिक उनले नै पढाउँथे । प्रश्नपत्र निर्माण गर्ने विषयमा भएको लापरबाहीबारे कारबाही हुनुपर्ने माग राख्दै विद्यार्थीले आन्दोलन गरेपछि छानबिन समिति बनेको थियो । तर कारबाही केही भएन । राजनीतिक संरक्षणका कारण त्यसबेला विभागीय प्रमुख कारबाहीबाट जोगिएको एक प्राध्यापक बताउँछन् । उनी भन्छन् 'तत्कालीन उपकुलपति र विभागीय प्रमुख एउटै पार्टीको भएपछि कारबाही हुने कुरै भएन । अधिकारीजीलाई त त्यही साल त्रिविले 'बेस्ट टिचर' अवार्ड दियो ।'

त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभागका विभागीय प्रमुख सम्बन्धित विषयको विषय समिति प्रमुख हुने व्यवस्था छ । त्यसैले अर्थशास्त्र विषयको सबै प्रश्नपत्र निर्माणको नेतृत्व प्रा.डा.शिवराज अधिकारीले गरेका हुन् । विभागीय प्रमुख आफैंले पढाएको विषयको प्रश्नपत्रमा बारम्बार त्रुटि हुनु गम्भीर भएको ती प्राध्यापक बताउँछन् ।

अधिकारी अघिल्लो साता मात्रै राष्ट्रिय योजना आयोगको सदस्यमा मनोनीत भएका छन् ।

मानविकी तथा समाजशास्त्र संकायका सहायक डीन प्रा.डा. तारा भुषालले प्रश्नपत्रमा देखिएको त्रुटिबारे अध्ययन भइरहेको बताए । उनले भने 'कसरी त्यस्तो त्रुटि हुन गयो अध्ययन भइरहेको छ । निष्कर्ष नआइ केही भन्न सकिँदैन ।'

# 'मीरा' ट्रेलरमा फरक यौन चाहना हुने महिलाको कथा

काठमाडौं/विश्वमै फिल्मको प्रदर्शन मिति घोषणा गरेपछि मात्र ट्रेलर सार्वजनिक गर्ने ट्रेन्ड बनेको छ । तर, नेपाली फिल्म 'मीरा: स्याडो अफ अ रेन्बो'को प्रदर्शन मिति घोषणा नहुँदै ट्रेलर सार्वजनिक गरिएको छ । मंगलबार सार्वजनिक ट्रेलरमा अटिजम भएकी छोरी र फरक यौन चाहना भएकी आमाको संघर्षपूर्ण कथालाई चित्रण गरिएको छ । साथमा आध्यात्मिक चिन्तनलाई पनि ट्रेलरमा दर्शाइएको छ ।

लेखक तथा निर्देशक अनिता पण्डितले केही दिनमा लक्षित दर्शकहरुलाई विशेष प्रदर्शनीमार्फत् फिल्म देखाउने तयारी भइरहेकाले ट्रेलर सार्वजनिक गरिएको जनाएकी छन् । हलमा भने आगामी वर्ष रिलिज गर्ने उनको योजना छ । बच्चामा देखिएको अटिजम र आफ्नो व्यक्तिगत सम्बन्धलाई समाजमा देखाउन खोज्ने आमाको सैर्घपूर्ण कथामा फिल्म केन्द्रित रहेको उनले स्पष्ट पारेकी छन् ।

फिल्ममा अनिता स्वयंको मुख्य भूमिका छ भने सुरविना कार्की, निशान चौहान, कैलाश रावल, रोशनी कार्की, बाल कलाकार आश्वि घिमिरे लगायतको पनि अभिनय छ ।


## श्री विष्णु ज्योति आधारभूत विद्यालय

हेटौंडा उपमहानगरपालिका-१२, भोर्ले, मकवानपुर

## शिलबन्दी दरभाउ (कोटेशन) बोलपत्र सम्बन्धी सूचना !

*प्रकाशित मिति: २०८०।१२।२१*

जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नं १२ भोर्ले स्थित यस विद्यालयका लागि हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको आ.व. २०८०/०८१ हस्तान्तरित संघीय (शसर्त) योजना तथा कार्यक्रमको **'विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान'** बापत प्राप्त रु.६,५०,०००। (अक्षरुपी छ लाख पचास हजार) बजेट विनियोजनको परिधिभित्र रा विद्यालयको वि.व्य.स. को मिति २०८०/१२/२१ गते बुधबारको प्रस्ताव नं १ को निर्णय अनुसा हेटौंडा उपमहानगरपालिकाबाट प्राविधिकद्वारा तयार पारिएको स्टेमेट तथा स्पेशिफिकेशन अनुसार सामान खरिद गर्न सो कार्यसंग सेवा उपलब्ध गराउने उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक विक्रेताहरुलाई सार्वजनिक खरिद ऐन, नियमावली तथा विद्यालय खरिद दिग्दर्शन,२०७६ बमोजिम सिलबन्दी दरभाउ (कोटेसन) बोलपत्र समावेश हुन चाहने इच्छुक कम्पनी वा आधिकारिक विक्रेताहरुलाई तपसिलको कागजातसहित स्टेमेट तथा स्पेशिफिकेशन बमोजिमको मूल्यमा नबढाइ मिति २०८०/१२/२० गतेदेखि २०८०/१२/२६ गते (७ दिन) भित्र नियमपूर्वक सिलबन्दी दरभाउ (कोटेसन) बोलपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. निवेदक ।
२. कम्पनी दर्ताको नवीकरण गरेको पत्रको प्रतिलिपि ।
३. भ्याट तथा प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
५. उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक विक्रेता एजेन्सी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. सिलबन्दी दरभाउपत्र (कोटेसन) फाराम

| | | | |
|---|---|---|---|
| 1 | Lab Thermometer Alcohol | 93 | Beaker 100ml Borosil |
| 2 | Lab thermometer mercury | 94 | Beil jar |
| 3 | Litmus Red | 95 | Kaledoscope model |
| 4 | Litmus Blue | 96 | Bunsen burner |
| 5 | PH paper | 97 | Cork rubber |
| 6 | Magnetic compass big size | 98 | Cork borer |
| 7 | Mineral rock set | 99 | Conical flask 250ml borosil |
| 8 | Mortar and piston | 100 | Conical flask 500ml |
| 9 | Microscope monocular best quality | 101 | Clinical thermometer digital |
| 10 | Binacular microscope electric | 102 | Hand centrifuge |
| 11 | Delivery tube /Glass rod | 103 | Procelin basin |
| 12 | Newtons mortar coil electric | 104 | Cover slide 20 box |
| 13 | beker 1000ml polilab | 105 | Carbon rod |
| 14 | Opticle bench 1 mt rod | 106 | DNA model |
| 15 | Petri disk | 107 | RNA Model |
| 16 | Hydrolic press | 108 | Human heart model on stand |
| 17 | Prism 38x38 | 109 | Four season model |
| 18 | Pendulam bulb | 110 | Dynamo model |
| 19 | Pulley single | 111 | Sodium carbonate 500gm |
| 20 | Pulley Double | 112 | Pipette bulb |
| 21 | Pulley Triple | 113 | Top pan balance |
| 22 | Periscope model | 114 | Lime tower |
| 23 | Pippet glass | 115 | Overflow can |
| 24 | TDS meter | 116 | Glass slab |
| 25 | Plain slide | 117 | Digital hygrometer |
| 26 | Rain guage plastic | 118 | Human torso big |
| 27 | Filter paper | 119 | Human kidney Model |
| 28 | Reagent bottle 250ml | 120 | Human eye Model |
| 29 | Model of Hydra | 121 | Human ear model |
| 30 | Model of plant cell | 122 | Human brain model |
| 31 | Animal Cell | 123 | Human skeleton 5 fit model |
| 32 | Round bottle flask 250ml | 124 | BP set with sphygnmanometer |
| 33 | Spatula | 125 | Iron stand |
| 34 | Spirit lamp | 126 | Inclined plane |
| 35 | Spring balance 1kg | 127 | Lense concave and convex |
| 36 | Slide box | 128 | Periscope model |
| 37 | wet and dry thermometer | 129 | Telescope with tripod stand |
| 38 | tongs forecep | 130 | Anoroid barometer |
| 39 | Maximum and minimum thermometer | 131 | Helicon coil |
| 40 | Hydrometer light liquid | 132 | Testube brush |
| 41 | Museum specimen jar | 133 | Concave and convex mirror |
| 42 | Solar system electric model | 134 | Wash bottle |
| 43 | Solar lunar eclipse electric model | 135 | Reproductive male Model |
| 44 | Charts in different physiology & life cycle | 136 | Reproductive female Model |
| 45 | permanet slide different | 137 | Appron cloth |
| 46 | Zinc plate | 138 | Hydro power model |
| 47 | Copper plate | 139 | Measuring cylinder 250 polylab |
| 48 | woulf s bottle 250ml | 140 | Binacular model with good vision |
| 49 | Distillation set borosil | 141 | Spirit 450ml |
| 50 | Physical balance best quality | 142 | Wind mill |
| 51 | Tripod stand | 143 | Test tube holder |
| 52 | Thistel funnel | 144 | Drowing board |
| 53 | Testube Heavy (100 pc) | 145 | Digital ph meter |
| 54 | Testube holder | 146 | Volumetric flask 500ml |
| 55 | Testube stand round best quality | 147 | Volumetric flask 250ml |
| 56 | Wall thermometer | 148 | Glass retort |
| 57 | turning fork 8 shape (1 set) | 149 | Burete clamp |
| 58 | Copper volta meter | 150 | Measuring cylinder 250ml borosil |
| 59 | Water volta meter | 151 | Measuring cylinder 100ml borosil |
| 60 | Wire guage | 152 | Ball & ring model brass |
| 61 | U magnet | 153 | Beehive shelve |
| 62 | Water trough | 154 | Tollens regent |
| 63 | HCL | 155 | Methanol 500ml |
| 64 | Iodine solution 100ml | 156 | Marble chips 500gm |
| 65 | Lime water | 157 | Sodium hydroxide 500gm |
| 66 | Magnecium ribbon | 158 | Barium chloride 500gm |
| 67 | Phenalpethalin 100ml | 159 | Fehiling solution A 500ml |
| 68 | Methyl orange 100ml | 160 | Fehiling solution B 500ml |
| 69 | Nitric acid 500ml | 161 | Ammonium hydroxide |
| 70 | Potassium permagnet 500gm | 162 | Beaker 250ml pp |
| 71 | Potassium hydroxide | 163 | Physical weight box |
| 72 | Sodium hydroxide | 164 | Specimen jar with lid |
| 73 | Glycerine | 165 | Phases of moon model electric |
| 74 | Copper sulphate 500gm | 166 | Ammonium chloride 500gm |
| 75 | Electric bell model | 167 | Step down transfer |
| 76 | Hard glass test tube 1 box | 168 | Step up transfer |
| 77 | Calcium hydroxide | 169 | Newtons law of cooling appartus |
| 78 | Calcium chloride | 170 | Earth core model on stand |
| 79 | Calcium carbonate | 171 | wooden meter scale |
| 80 | Copper wire | 172 | Funnel glass borosil |
| 81 | Sodium metal | 173 | Funnel clamp |
| 82 | Sodium chloride 100gm | 174 | Pipette borosil 20ml |
| 83 | Safranine solution 100ml | 175 | Human liver model |
| 84 | Automic model | 176 | Human Skull model |
| 85 | Galvanometer | 177 | Barium sulphate 500gm |
| 86 | Voltameter | 178 | Magnese dioxide 500gm |
| 87 | A meter | 179 | Sodium choride 500gm |
| 88 | Beaker 100ml pp | 180 | Ferric chloride 500gm |
| 89 | Beaker 500 ml pp | 181 | Hydrogen peroxide 500ml |
| 90 | Barmagnate alinco best | 182 | Humanskeleton stand metal best quality |
| 91 | Beaker borosil 250ml | 183 | Wooden rack |
| 92 | Beaker 500 Borosil | 184 | Table |

**सम्पर्क नं. : ९८५५०३०१४२, ९८६५०१३०३० र ९८५५०५८२३८**

# नवोदयले जित्यो शिक्षक फुटबलको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/चार नम्बर वडास्तरीय ५ 'ए' साइड शिक्षक फुटबल प्रतियोगिताको उपाधि नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयले जितेको छ । मंगलबार भएको फाइनल खेलमा ब्रम्हदिक एकेडेमीलाई ३-० को गोलअन्तरले पराजित गर्दै नवोदयले उपाधि चुमेको हो ।

नवोदयका तक्षाक सिम्खडाले व्यक्तिगत तीन गोल गर्दै 'ह्याट्रिक' गर्न सफल भए । प्रतियोगितामा विजेता र उपविजेता टिमले शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरे । प्रतियोगितामा ५ गोल गर्न सफल भएका ब्रम्हदिकका अनुज कार्की उत्कृष्ट गोलकर्ता घोषित भए । ब्रम्हदिकबाट खेल खेलेकी सुजिता भोम्जनलाई आयोजकले सम्मान गरेको थियो । शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दाहालको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य अनन्त पौडेलको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-४ का वडाध्यक्ष नवीन सिग्देलले शिक्षक तथा विद्यार्थीलाई लक्षित गरी विभिन्न खेलकुद तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको बताए । चार नम्बर वडा कार्यालयको आयोजनामा यही चैत २३ र २४ गते जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता आयोजना गर्न लागेको उनले बताए ।

हेटौंडा उपमहानगरपालिका-४ वडा कार्यालयको आयोजना शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापन र ब्रम्हदिक एकेडेमीको सहव्यवस्थापन भएको प्रतियोगितामा नवोदय शिशुसदन, ब्रम्हदिक एकेडेमी, सत्यम जेभियर्स माध्यमिक विद्यालय, श्रमिक माध्यमिक विद्यालय, भुटनदेवी माध्यमिक विद्यालय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र आमसाई विद्यालयको सहभागिता रहेको थियो ।

# सहकारी क्षेत्रमा ९९ प्रतिशत संचालक असल छन्: मन्त्री बज्राचार्य



साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यले सहकारी क्षेत्रको विकासको पक्षमा एकजुट भएर लाग्नुपर्ने बताएका छन् ।

मंगलबार ६७ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा हेटौंडामा आयोजित कार्यक्रमको उद्घाटन गरेका मन्त्री बज्राचार्यले हाल थोरै संख्याका सहकारी सञ्चालकको स्वार्थका कारण समस्यामा परेको र बदनाम बनिरहेको सहकारी क्षेत्रमा ९९ प्रतिशत राम्रा सञ्चालक रहेको जिकिर गरे ।

मन्त्री बज्राचार्यले वर्तमान परिस्थितिमा सहकारीहरू आफैं पनि एकजुट हुन जरुरी रहेको धारणा राखे । सहकारी क्षेत्रकै कारण देशको अर्थतन्त्र बलियो भएको र सहकारी क्षेत्रलाई बलियो बनाउनका लागि सबै लाग्नुपर्नेमा मन्त्री बज्राचार्यले जोड दिए ।

कार्यक्रममा बागमती प्रदेश सहकारी बोर्डका उपाध्यक्ष तथा जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाले सहकारी क्षेत्रमा बागमती प्रदेशमा मात्र ५१ अर्ब रुपैयाँ शेयर पुँजी रहेको जानकारी गराए । उनले यस क्षेत्रका सहकारीमा धेरैजसो महिला आबद्ध रहेको बताए ।

उनले देशभरका ३० हजार सहकारी संस्थालाई एकीकरण गरेर १० हजार सहकारी बनाउन आफूहरू लागिरहेको बताए । नेपालमा २०१३ साल चैत २० गते चितवनको बखानपुर ऋण सहकारी संस्थाको स्थापना भई सहकारी आन्दोलनको औपचारिक सुरुवात भएको दिनलाई स्मरण गर्दै हरेक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मनाउने गरिएको हो । सहकारीको क्षेत्रमा झण्डै ६० लाख सदस्य छन् ।

# एमाले मकवानपुरको अधिवेशन जेठ तेस्रो साता



साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/नेकपा एमाले मकवानपुरको जिल्ला अधिवेशन जेठ तेस्रो साता हुने भएको छ । अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ ।

मंगलबार बसेको नेकपा एमाले जिल्ला कमिटी बैठकले जेठ तेस्रो साता जिल्ला अधिवेशन गर्ने निर्णय गरेको पार्टी सचिव नवीन सिग्देलले जानकारी दिए । बैठकले वैशाख १५ भित्र पार्टी सदस्यता नवीकरण गर्ने, वैशाख मसान्तसम्म वडा अधिवेशन गरिसक्ने र पार्टी जिल्ला कमिटीलाई अधिवेशन आयोजक कमिटीको रुपमा रुपान्तरण गर्ने निर्णय भएको सचिव सिग्देलले जानकारी दिएका छन् ।

बैठकले अधिवेशको तयारीमा लाग्नको लागि मातहतको कमिटीलाई निर्देशन समेत दिएको छ । जिल्ला अधिवेशनपछि मात्रै मकवानपुरको १० वटा गाउँपालिका कमिटीको अधिवेशन हुने सचिव सिग्देलको भनाई छ ।

# हेटौंडामा प्रदेशस्तरीय सहकारी दिवस मनाइयो




साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/'सहकारीमा सुशासन: प्रविधि र एकीकरण' भन्ने नाराका साथ ६७ औं राष्ट्रिय सहकारी दिवस बागमती प्रदेशको राजधानी हेटौंडामा विविध कार्यक्रम सहित मनाइएको छ ।

सहकारी दिवसको दिन चैत्र २० गते मंगलबार हेटौंडामा संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयका मन्त्री, सचिव रजिष्ट्रार सहितका कर्मचारी, संहकारी संघ संस्थाका सञ्चालक समिति पदाधिकारी, लेखासमिति पदाधिकारी, शेयर सदस्य, कर्मचारी सहितको सहभागितामा प्रभातफेरी हेटौंडा बजार परिक्रमा गरी रोयल प्यालेस हेटौंडामा पुगेर सभामा परिणत भएको थियो ।

६७ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिका संयोजक नारायणप्रसाद देवकोटाको सभाध्यक्षता तथा मकवानपुरका बागमती प्रदेश सरकार संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका मन्त्री शैलेन्द्रमान बज्राचार्यको प्रमुख आतिथ्यतामा सभा भएको थियो । सभामा बोल्दै मन्त्री बज्राचार्यले सहकारीप्रतिको बिश्वासलाई कायम राख्नपर्ने बताए । उनले सहकारीको समस्या समाधान गर्नका लागि सहकारी अभियान एकजुट हुनुपर्ने बताए ।

कार्यक्रममा संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयका सचिव हरिशरण पुडासैनीले सहकारीमा आएका विभिन्न चुनौतीलाई समाधान गर्दै थप व्यवस्थित र प्रभावकारी बनाएर अघि बढ्नुपर्ने बताए । उनले सहकारी दिवसले सहकारीमा भएका समस्या, चुनौतीलाई समाधान गर्न प्रेरणा मिल्नका लागि अभिप्रेरित गरोस भनी सहकारी दिवस मनाइएको बताए ।

राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्सालले सहकारीको नाराअनुरुप सहकारी प्रविधिमा केन्द्रित भई सहकारीमा सुशासन ल्याउनुपर्ने बताए । त्यस्तै, प्रदेशस्तरीय सहकारी दिवस मूल समारोह समितिका संयोजक एंव बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष देवकोटाले सहकारीले समुदायमा आर्थिक, उत्पादनशील ब्यवसाय र रोजगारीका क्षेत्रमा कार्य गरेको बताए । उनले गुणस्तरीय सहकारी संस्थाको निर्माणका लागि सहकारीको एकीकरण गर्नु आवश्यक रहेको बताए ।

देवकोटाले राज्यको तीनखम्बे अर्थनीति अन्तरगत सहकारीलाई एक खम्बाको रुपमा लिएको अवस्थामा अहिले सहकारी अभियानमा केही समस्या भएतापनि ती समस्यालाई एकजुट भई समाधान गर्न अगाडि बढ्नुपर्ने बताए । जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका अध्यक्ष कल्पना श्रेष्ठले सञ्चालन गरेको कार्यक्रममा संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, सहकारी महाशाखाका रजिष्ट्रार एवम् प्रदेशस्तरीय सहकारी दिवस मूलसमारोह समितिका सदस्यसचिव रोहित पोखरेल स्वागत मन्तब्य ब्यक्त गरे ।

कार्यक्रममा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका सञ्चालक बिदुर हुमागाई, मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी, बागमती प्रदेश सहकारी संघका सञ्चालक मेनुका दाहाल, प्रदेश कृषि सहकारी संघका उपाध्यक्ष बिमला कार्की, हेटौंडा उपमहानगरपालिका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, प्रदेश सहकारी विकास बोर्डकी प्रमुख प्रतिमा सापकोटा, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कंडेल, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, जिल्ला कृषि सहकारी संघ मकवानपुरका उपाध्यक्ष रेखा खतिवडा, राष्ट्रिय सहकारी बैंक बागमती प्रदेश कार्यालय हेटौंडाका प्रमुख रामेश्वर आर्याल, नेफ्स्कुन फिल्ड कार्यालय हेटौंडाका इन्चार्ज बिदुर खड्कालगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रभातफेरी र्‍याली प्रदर्शनमा विभिन्न सूचकमा उत्कृष्ट अंक ल्याएका पाँचवटा सहकारी संस्थालाई पुरस्कृत समेत गरिएको थियो । प्रथम भई पुरस्कृत हुनेमा बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा ११, द्वितीय हुने महिलामिलन बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-१३, तृतीय हुने महिला सेवा बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-१२ र सान्त्वना हुने साना किसान कृषि सहकारी संस्था मनहरी-८ र साना किसान कृषि सहकारी संस्था हर्नामाडी हेटौंडा-१८ लाई क्रमश १० हजार, ७ हजार, ५ हजार र ३/३ हजार नगद सहित पुरस्कृत गरिएको छ ।

६७ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिको आयोजनामा विविध कार्यक्रम सहित भएको कार्यक्रममा भएको सहकारी दिवस कार्यक्रममा संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको सहयोग र मकवानपुर जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ, जिल्ला कृषि सहकारी संघ लि. मकवानपुर, राष्ट्रिय सहकारी बैंक लि. हेटौंडाको सहकार्य रहेको थियो ।

सहकारी दिवसकै अवसरमा मंगलबार साँझ प्रदेशभरका सहकारी संघ संस्थाको कार्यलयमा दीपप्रज्ज्वलन गर्ने कार्यक्रम रहेको ६७ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिका कार्यालय सचिव गोविन्द दाहालले बताए ।

# मनहरीमा विद्यार्थी मूल्यांकन तथा सामाजिक परीक्षणबारे तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/मनहरी गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा विद्यार्थी मूल्यांकन तथा सामाजिक परीक्षणमा सुधार ल्याउन दुई दिने तालिम आयोजना गरिएको छ ।

गाउँपालिका शिक्षा शाखाले पशुपतिनाथ माविमा आयोजना गरेको तालिममा ३२ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षक सहभागी छन् । मंगलबारदेखि सुरु भएको तालिम मनहरी गाउँपालिका सामाजिक विकास संयोजक अनन्तप्रकाश अर्यालको सभाध्यक्षता र शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका प्रमुख दिनानाथ गौतमको प्रमुख आतिथ्यता रहेको थियो ।

गाउँपालिका स्रोतशिक्षक बिदुर थापाले सहजीकरण गरेको उद्घाटन सत्रमा मनहरी गाउँपालिका शिक्षाप्रमुख प्रदीप पराजुली, पशुपतिनाथ मावि ब्यवस्थापन समितिका अध्यक्ष माधब गौतम, प्रधानाध्यापक भानुभक्त आचार्यलगायतले मन्तब्य ब्यक्त गरेका थिए । ईकाईप्रमुख गौतमले विद्यालयमा गर्नुपर्ने सामाजिक परीक्षणका बिभिन्न पक्षका बारेमा सहजीकरण गरेका थिए । बुधबार विद्यार्थी मूल्यांकनका बारेमा सहजीकरण गरिने बताइएको छ ।

## हार्दिक समवेदना



जन्म: २००९/१२/२५

स्वर्गारोहण: २०८०/१२/०४

स्व. रत्न लाल मानन्धर

यस मानन्धर खल: का सदस्य **रत्न लाल मानन्धर**को देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै धर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

सुन कुमार मानन्धर (अध्यक्ष) एवम्

**मानन्धर खल: परिवार**

## विमा पोलिसी हराएको सूचना

मेरो निम्न व्यहोराको जीवन विमालेख (पोलिसी) मिति २०८० फागुन १५ गते हेटौंडा हुप्रचौरबाट बुद्धचोकसम्म जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**विमा कम्पनीको नाम:** एशियन लाईफ इन्स्योरेन्स कं.लि.
**विमालेख (पोलिसी) नम्बर:** ७०२१०००५७६९
**विमितको नाम:** जेनिशा कुँवर
**विमितको ठेगाना:** हेटौंडा, मकवानपुर
**सम्पर्क फोन:** ९८६५१६७१३३


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**सम्पर्क कार्यालय:** सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९



## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट





Ready To Eat

**हाम्रा विशेषताहरू:**

- ग्यास ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३



## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना